का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १०७
❒ २६ जेठ २०७७, सोमबार
❒ 8 June 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ३४४८ जना | ४६७ जना | ९६२०५ | २९६८ | १३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७० लाख ६० हजार | ३४ लाख ३५ हजार | ४ लाख ३ हजार | ३१ लाख ८७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# टुंगियो नेतृत्व असन्तुष्टि उस्तै

■ दुई अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव ■ पदाधिकारीहरु अशोक राई, बाबुराम भट्टराई र राजेन्द्र महतो

**सरकारले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि रातारात बनेको जनता समाजवादी पार्टीले नेतृत्व टुंग्याएका छन् । अब जसपाको अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव रहनेछन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ ।

गएको वैशाख ८ गते प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याए पछि रातारात समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी बीच एकीकरण गरी बनेको जनता समाजवादी पार्टीले नेतृत्व टुंग्याएका छन्। शीर्ष नेताहरु बीच लामो छलफल पछि भएको सहमति अनुसार, उपेन्द्र यादव र महन्थ ठाकुर अध्यक्ष रहनेछन् ।

दिउँसोसम्म भएको सहमति अनुसार, बाबुराम भट्टराई पहिलो स्थानमा थिए । तर, आयोगमा दर्ता गर्ने बेला भने भट्टराई चौथो बरियतामा परे । दिउँसो भएको सहमतिमा नेताहरुबीच सहमति जुट्न सकेन । हुन पनि संसदको तेस्रो दलको पहिलो नम्बरका अध्यक्ष बन्नु बाबुरामका लागि सानो सफलता थिएन । गएको २०७४ को प्रतिनिधिसभा निर्वाचनमा नयाँ शक्ति पार्टीको नामबाट निर्वाचन लडेका भट्टराई आफू मात्रै निर्वाचित भएका थिए । भट्टराईको दलले थ्रेस होल्ड पार गर्न नसकेपछि समानुपातिक सांसद पाउन सकेका थिएनन् ।

यसपछि भट्टराईले उपेन्द्र यादवसँग पार्टी एकीकरण गरेका थिए । उपेन्द्र यादव र अशोक राईले भने पार्टी ए कीकरण गरी संघीय समाजवादी फोरम बनाएर निर्वाचनमा भाग लिएका थिए । त्यस बेलै यादव र राईको पार्टी तेस्रो बनेको थियो । संघीय समाजवादी पार्टीमा बाबुरामको प्रवेशले कुनै ठूलो अर्थ राखेको थिएन, यादव र राईका लागि । तर, भट्टराई भने ठूलै राहत मिलेको थियो । कतिपयले भट्टराईकै कारण उपेन्द्र यादवको सत्ता बहिगर्मन मान्ने गरेका छन्। भट्टराईसँग एकीकरण गरी पार्टीको नाम समाजवादी पार्टी राखिएको थियो ।

तर, समाजवादी पार्टी विभाजन गर्नेगरी प्रधानमन्त्री ओलीले अध्यादेश ल्याएपछि भने २०७४ को निर्वाचन अगाडि नै विभिन्न ६ पार्टी एकीकरण गरी बनेको राजपासँग एकीकरण भयो । यो पार्टीले ४५ दिन भित्र निर्वाचन आयोगमा आवश्यक कागजात बुझाउनेगरी पार्टी एकीकरणको दर्ता भएको थियो । शनिबार नै ४५ दिन पुगेपनि सार्वजनिक विदाको दिन भएकाले आइतबार कागजात लैजानुपर्ने थियो ।

तर, आइतबारसम्म कुरा मिलेको थिएन । दिउँसोतिर मात्रै नेतृत्व तत्काललाई मिलेको छ । समहमति अनुसार, भट्टराई पहिलो बरियता सहति संघीय परिषद अध्यक्ष हुने थिए भने दोस्रो बरियता सहित महन्थ ठाकुर र तेस्रो बरियता सहित उपेन्द्र यादव केन्द्रीय परिषद अध्यक्ष रहने थिए । तर, आयोगलाई बुझाउनुपर्ने बाध्यताले नेतृत्व मिले पनि जसपाभित्रको असन्तुष्टि भने झनै बढ्ने देखिन्छ । किनभने, यस अगाडि अध्यक्ष नै रहेका महिन्द्र राय यादव, अनिल झा र राजकिशोर यादवबारे कुनै निर्णय हुन सकेको छैन भने अन्य पदाधिकारीबारे पनि निर्णय हुन सकेको छैन । सबैको नाम सदस्य भनी पठाइएको छ ।

## छलफलमा एमसीसी

**काठमाडौं/मस–** अमरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) विवाद टुंग्याउन सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई ठूलै सकस देखिएको छ । झण्डै वर्ष दिन देखि छलफलमा रहेको एमसीसीमा नेकपा अझै निर्णयमा पुग्न सकेको छैन । यसैका लागि आइतबार अध्यक्ष केपी शर्मा ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल बीच भेटवार्ता भएको छ । कार्यकारी अध्यक्ष दाहाल प्रधानमन्त्री ओलीलाई भेट्न बालुवाटार आइतबार बालुवाटार पुगेका थिए ।

एमसीसीबारे दुई अध्यक्ष बीच एक्लाएक्लै भेटवार्ता भएको प्रचण्डका प्रेस संयोजक विष्णुप्रसाद सापकोटा जुगलले बताए । भेटवार्ताबाट सचिवालय बैठक बोलाउने निर्णय भएको छ ।

एमसीसी आगामी आर्थिक वर्षको बजेटमा राखिएपछि नेकपाभित्र विवाद थप बढेर गएको छ । जेठ १५ गते अर्थमन्त्री युवराज खतिवडाले प्रस्तुत गरेको बजेट भाषणमा एमसीसी समावेश गरिएको थियो । बजेटको अनुसूची दशमा एमसीसीबाट बजेट आउने खुलाइएपछि नेकपाले जेठ १६ गते नै आकस्मिक सचिवालय बैठक बोलाएका थियो । त्यस दिनको बैठकले बजेट माथि छलफल संसदमा चलाइरहने र त्यसै बीच सचिवालय बैठक बोलाउने निर्णय भएको थियो । तर, एमसीसीबारे निर्णय नभएसम्म त्यस अन्तर्गतका सबै कार्यक्रम यथावत राख्ने निर्णय भएको थियो । आगामी आर्थिक वर्ष एमसीसीबाट बाँकी पृष्ठ २ मा

# दैलेखको दर्द

■ संक्रमित दर घट्यो, आइतबार २१३ संक्रमित थपिए ■ निको हुनेको संख्या ४६७

**लगातार संक्रमित बढिरहेका बेला आइतबार २१३ जनामा संक्रमित देखिएका छन् । पछिल्लो समय सवैभन्दा बढी दैलेख प्रभावित देखिएको छ । स्थानीय र प्रदेश सरकारले परीक्षण दर बढाउन संघीय सरकारसँग आग्रह गरेका छन् ।**



*सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा स्वाब परीक्षण गर्दै स्वास्थ्यकर्मी । तस्बिर : नानीमैया कटवाल/रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ ।

कोभिड महामारीबाट संक्रमित हुनेको संख्या बढिरहेका नेपालमा आइतबार २१३ जना संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी २४ घण्टामा २१३ जना संक्रमित थपिएको जानकारी दिएको छ । आइतबार थपिएको सँगै, देशभर संक्रमित संख्या ३४४८ पुगेको छ ।

आइतबार सहित २४ प्रयोगशालामा ९६ हजार २०५ जनामा परीक्षण गरिएकोमा ९२ हजार ७५७ जनामा भने कोभिड नेगेटिभ देखिएको हो । क्वारेन्टिनमा बस्नेको संख्या भने बढेर गएको छ । आइतबार दुई हजार संक्रमित थपिएका छन् । यो सँगै क्वारेन्टिनमा बस्नेको संख्या एक लाख ७० हजार पुगेको छ । आइतबार संक्रमित देखिएका मध्ये पनि धेरै जसो क्वारेन्टिन बसिरहेकाहरु नै छन् ।

### संघसँग आग्रह

कोभिड-१९ महामारीले अहिलेसम्म देशका ७० जिल्लामा संक्रमित पुष्टि भएको छ । निकै लामो समय संक्रमण नदेखिएको कर्णालीमा संक्रमण बढेको छ । कर्णालीको पनि दैलेख बाँकी पृष्ठ २ मा

# सुनको भाउ दश हजारले बढ्यो

**काठमाडौं/मस–** कोभिड महामारीका कारण गएको चैत १७ गते देखि देशव्यापी लकडाउन कायम छ । पछिल्लो पटक थपिएको लकडाउन जेठ ३२ गते सकिदैछ । तर, यो अवधिमा अत्यावश्यक बाहेकका सम्पूर्ण गतिविधि रोकिएको छ ।

तर, ७५ दिन पछाडि सुनचाँदी बजार सञ्चालनमा आएको छ । सुन चाँदी व्यवसायीहरुले आफ्ना पसलहरु आइतबारदेखि सञ्चालनमा ल्याएका छन् । साढे २ महिना लामो लकडाउनपछि पुनः आइतबार देखि सुनचाँदी पसलहरु सँचालन गर्दै सुनचाँदीको दरभाउ पनि प्रकाशित गरेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जानकारी दिएको छ ।

साढे ३ महिनापछि संचालनमा आएको सुनचाँदीको बाँकी पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार ऐन र वैदेशिक रोजगार नियमावलीमा संशोधन गर्दा ईजाजतपत्रवाला संस्थाले ईजाजत नबीकरण गर्न वार्षिक १०० कामदार पठाउनु पर्ने बाध्यकारी व्यवस्थाले करिब ७५ प्रतिशत इजाजतपत्रवाला संस्थाहरु नबीकरण नभई व्यवसायी व्यवसायबाट बिस्थापीत हुने भएकोले यो प्रावधान हटाउन यस संघले मन्त्रालय, संसदीय समिति र बैदेशिक रोजगार बिभाग लगायतका सम्वन्धित निकायमा पत्राचार, छलफलको प्रयासबाट मिति २०७६/१२/१६ गते बसेको मन्त्रीपरिषद्को वैठकले **'वैदेशिक रोजगारीमा १०० जना कामदार नपठाएको कारणबाट ईजाजतपत्रवाला संस्थाहरू खारेजी हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधनको प्रक्रिया अघि बढाउने'** निर्णय गरेको व्यहोरा सवैलाई अवगत नै छ । मन्त्रीपरिषद्ले गरेको निर्णय अनुसार यस प्रावधानलाई हटाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रकृया अघि बढाएको अवस्थामा नेपाली कांग्रेसका सांसद अमरेस कुमार सिंहले संसदमा दिनु भएको यस सम्बन्धी अभिव्यक्ति र यस बिषयमा प्रकाशित समाचार प्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।
वार्षिक १०० जना कामदार पठाउन नसक्ने संस्थाको ईजाजत नबीकरण नहुने व्यवस्था अन्यायपूर्ण रहेको, आर्थिक बर्ष २०७४/०७५ र २०७५/०७६ मा १७ महिना सरकारले मलेशिया कामदार पठाउन रोक लगाएको, २०७६ फागुन महिनादेखि श्रम स्विकृति दिन वन्द गरिएको परिप्रेक्षमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यवसायीलाई परेको मर्का बुझि यो प्राबधानको निकास दिने प्रकृया सुरु गरेकोमा माननीय मन्त्रीज्यूलाई लक्षित गरि आएको अभिव्यक्ति र प्रकाशित समाचारमा कुनै सत्यता नभएको जानकारी गराउँदै यस्तो अभिव्यक्ति र समाचारको नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जोडदार खण्डन गर्दछ ।
१०० जना कामदार नपठाएको कारणले इजाजत नबीकरण नहुने प्रावधान हटाउन अभिभावकको भुमिकामा रहनु भएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री रामेश्वर राय यादबले मन्त्रीपरिषद्ले गरेको निर्णय बमोजिम वैदेशिक रोजगार व्यवसायीलाई परेको मर्कालाई बिचार गरि १०० जना कामदार नपठाए इजाजत नबीकरण नहुने प्रावधान हटाउने प्रक्रिया अघि वढाउनु भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउदै असल नियतले गर्न लागिएको कार्य बिथोल्ने नियत राखी भ्रामक र असत्य समाचार प्रकाशन नगर्न नगराउन र निराधार अभिव्यक्ती नदिन सम्बन्धित सबैमा यसै प्रेश विज्ञप्ति मार्फत अनुरोध गर्दछौ ।

**बिष्णु प्रसाद गैरे**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg


ईजाजतपत्र नवीकरण प्रकरण

# सांसद् सिंहको अभिव्यक्तिप्रति व्यवसायीहरूको आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ

वैदेशिक रोजगार व्यवसायीहरुले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद् डा. अमरेशकुमार सिंहले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव र व्यवसायीलाई आधारहीन रुपमा जोडेर विना प्रमाण लाञ्छित गरिएको भन्दै आपत्ति जनाएका छन् ।

आर्थिक वर्ष ०७७/०७८ को बजेट अन्तर्गत शनिबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि विनियोजित बजेटमथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सांसद् डा. सिंहले वार्षिक एक सयजना कामदार नपठाउने म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण नहुने व्यवस्था संशोधन गर्न श्रममन्त्री यादवले ५ सय १२ म्यानपावर कम्पनीसँग एक/एक लाख रुपैयाँ माग गरेको आरोप लगाएका थिए ।

सांसद सिंहको उक्त भनाइप्रति वैदेशिक रोजगार व्यवसायीहरुले गम्भीर आपत्ति जनाएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले एक विज्ञप्ति मार्फत एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएको कारणले ईजाजत नवीकरण नहुने प्रावधान हटाउन



अभिभावकको भूमिकामा रहेका मन्त्री यादवले मन्त्रिपरिषद्ले गरेको निर्णय बमोजिम प्रक्रिया अघि वढाएको अवस्थामा असल नियतले गर्न लागिएको कार्य बिथोल्ने नियत राखी भ्रामक र निराधार अभिव्यक्ती नदिन अनुरोध गरेका छन् ।

सांसद् सिंहको अभिव्यक्तिलाई लिएर उनको पार्टी नेपाली कांग्रेसभित्रैबाटसमेत चर्को आलोचना भएको बताइएको छ । सांसद सिंहको शनिबारको अभिव्यक्तिलाई लिएर आइतबार विहान पार्टी सभापति शेर बहादुर देउवा निवास बुढानिलकण्ठमासमेत गम्भीर छलफल भएको बताइएको छ ।

निजी क्षेत्रबाट रोजगारी सिर्जना गरी मुलुकको बेरोजगारी समस्या समाधानमा उल्लेखनीय सहयोग पुऱ्याइरहेका व्यवसायीहरु कोरोना भाइरसको संक्रमणले गम्भीर समस्यामा परिरहेकाबेला उनीहरुलाई राहत तथा छुटका पक्षमा आवाज उठाउनुपर्ने बेला आर्थिक अनियमितताको चलखेल जस्तो अप्रमाणित लाञ्छना संसद्जस्तो गरिमामय स्थानमा लगाएर सांसद् सिंहले सांसदको मर्यादा नै भुलेर हलुका बनेको भन्दै आलोचना भएको श्रोतले बतायो ।

सत्तारुढ नेकपा निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले सांसद् सिंहको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएको छ । मञ्चका संयोजक राम प्रसाद भान्तनाले सांसद सिंहको अभिव्यक्ती र सार्वजनिक समाचार सम्बन्धमा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## 'कामदारप्रति बेवास्ता दूतावास भवन बनाउन रकम'

**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता एवं समाजवादी चिन्तक प्रदीप गिरीले कोरोना भाइरस संक्रमणका कारण विदेशमा अलपत्र नेपाली कामदारहरुलाई स्वदेश फर्काउनुपर्ने आपतकालीन कामलाई बेवास्ता गरेर सरकारले विदेशमा दूतावास भवन बनाउन रकम विनियोजन गरेको आरोप लगाएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा भएको मन्त्रालयगत विनियोजित शिर्षक अन्तर्गत परराष्ट्र मन्त्रालयका लागि विनियोजित बजेटमाथि धारणा प्रस्तुत गर्दै नेता गिरीले उक्त आरोप लगाएका हुन् ।

बजेटमा दिइएको प्राथमिकताको आधारमा वर्तमान सरकारको नियत स्पष्ट हुने भन्दै नेता गिरीले विदेशमा दुःख पाएका नागरिकहरुलाई स्वदेश फर्काएर उनीहरुका परिवारसँग बस्ने वातावरण बनाउनु सरकारको प्रमुख कर्तव्य रहे पनि त्यो कतर्व्यमा सत्तारुढ दल नराम्रोसँग चुकेको दावी गरे । चीनको बेइजिङमा र अष्ट्रेलियाको बाँकी पृष्ठ २ मा

## राष्ट्रियसभामा सांसद्हरुको गुनासो

# 'सरकारले १० अर्ब खर्च गर्दापनि प्रभावकारी काम गरेन'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ



कोरोना रोकथाम तथा नियन्त्रणको काममा सरकारले प्रभावकारी काम गर्न नसकेको राष्ट्रियसभा सदस्यहरुले टिप्पणी गरेका छन् । संघीय संसद राष्ट्रियसभाको विशेष समयमा बोल्दै सदस्यहरुले सरकारले १० अर्ब खर्च गरिसक्दा पनि प्रभावकारी काम गर्न नसकेको बताएका छन् । उनीहरुले विदेशबाट प्लेनमा आउने नागरिक र भारतबाट आउने नागरिकहरुबीच असमान व्यवहार गरिएको बताएका छन् । यस्तै लकडाउनका कारण पीडित बनेका श्रमिकहरु वर्गको हितमा सरकारले कुनै काम नगरेको समेत उनीहरुले बताएका छन् ।

राष्ट्रियसभा सदस्य रामनारायण विडारीले लकडाउनको अवस्थामा जोताएर खाने र जोतिएर खाने वर्ग दुवै पीडित बनेको बताए । लकडाउनका कारण दैनिक कमाई खाने वर्गलाई लकडाउनले सबैभन्दा ठूलो असर परेको तर सरकारको ध्यान त्यतातिर जान नसकेको बताए । उनले किसानले उत्पादनको विक्री नहुने, अस्पताल पुगेको छैन, औषधि छैन, मेसिन नभएर जाँच्न सकिएको छैन, स्वास्थ्यकर्मीको अभाव भएको बताउँदै अनेक व्यवस्थामा अव्यवस्थै अव्यवस्था भएको बताए ।

प्रदेश सरकारलाई बाँदरको पुच्छर जस्तो बनाउन खोजिएको विडारीले बताए । उनले कोरोना रोकथामका लागि प्रदेश सकरारले कुनै काम नगर्ने तर गाडि किन्न तम्सिने गरेकाले बाँदरको पुच्छर जस्तो काम नलाग्ने भएको र विस्तारै हराउँदै जाने खतरा बढेको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का खिमलाल भट्टराईले क्वारेन्टिन व्यवस्थित हुन नसकेको हुँदा त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए । 'क्वारेन्टिन व्यवस्थित हुन सकेको छैन, पुलिसका हिरासत, जेलजस्ता भए,' सत्तापक्ष नेकपाका प्रमुख सचेतक भट्टराईले भने, 'क्वारेन्टिन शौचालय, सामाजिक दूरी कायम गरी बस्ने व्यवस्था, पीसीआर परीक्षण, मास्क, सेनिटाइजरयुक्त हुनुपर्छ ।' उनले गर्मीको मौसम भएको हुँदा तराईमा झुलको व्यवस्था गर्न पनि माग गरे ।

'क्वारेन्टिनलाई नै आइसोलेशन वार्ड बनाउनुपर्ने अवस्थामा उपचारलाई अझ ध्यान दिएर भेन्टिलेटर बढाउनु जरुरी छ,' सांसद भट्टराईले भने, 'राहतको सन्दर्भमा सरकारले सही निर्णय गरेको छ, स्थानीय तहले राहतलाई व्यवस्थापन गर्ने कुरामा ध्यान दिइरहेको छ, भोकै मर्ने अवस्था आउनु हुँदैन ।'

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की शारदादेवी भट्टले सरकारले प्लेन चढेर आउने नागरिक र खुल्ला नाकाबाट आउने नागरिकलाई असमान व्यवहार देखाएको आरोप लगाएकी छन् । उनले प्लेन चढेर आउने नागरिकलाई सुरक्षाकर्मीले स्कटीङ गर्ने तर भारतबाट आउने नागरिकलाई भेडाबाखा कोचेजस्तो गरी क्वारेन्टिनमा राखी असमान व्यवहार गरेको बताइन् । उनले क्वारेन्टिनमा रहेका नागरिकलाई पीसीआर नगरी घर पठाउने काम गर्न नहुने बताइन्। उनले मरेपछि पीसीआर गर्नुको कुनै अर्थ नहुने समेत बताइन् ।

नेपाली कांग्रेसका रमेशजंग रायमाझीले क्वारेन्टिन गाईगोठजस्तो भएको तथा मानिस दिनभरि क्वारेन्टिनमा बसेर राति घरमा बस्ने गरेको देखिएको हुँदा त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए । 'कोरोना ६८ जिल्लामा फैलिसकेको छ, तैपनि सरकारले सामान्य रुपमा लिएको छ, नेपाली जनतालाई बचाउनका लागि सरकारले ध्यान दिनुपर्छ,' सांसद रायमाझीले भने, 'स्वास्थ्यकर्मीलाई पर्याप्त मात्रामा स्वास्थ्य उपकरण छैन, स्वास्थ्य सामग्रीको अभाव छ, पिपिई र मास्कमा कालो बजारी भइरहेको छ, सरकारले नागरिकको जिम्मा लिनुपर्छ ।' सांसद रायमाझीले बन्दाबन्दीका अवस्थामा सरकारलाई पैसा आवश्यक पऱ्यो भनेर तत्काल कर माग्न नमिल्ने बताए ।

काँग्रेसकै तारादेवी भट्टले सुदूरपश्चिममा कोरोना भाइरसको जोखिम बढ्दै गएको हुँदा क्वारेन्टिनलाई व्यवस्थित गरी पिसिआर परीक्षणको दायरा बढाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराइन् ।

राष्ट्रिय जनता पार्टीका मृगेन्द्रकुमार सिंह यादवले कोरोनाबाट जनतालाई बचाउनका लागि पिसिआर परीक्षणलाई बढाउन र क्वान्टिन व्यवस्थित गर्न जरुरी भएको उनको भनाइ थियो । सांसद यादवले भने, 'म आग्रह गर्छु, सरकार गम्भीर बन्नुपर्छ, रु १० अर्ब कहाँ खर्च भएको छ ? रोगले १३ जना मरे तर भोकले पनि मर्ने अवस्थामा पुगेका छौँ ।'

## नवलपरासीमा स्थानीय र सशस्त्र प्रहरीबीच झडप

### प्रहरीद्वारा हवाइ फायर

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २५ जेठ



पश्चिमि नवलपरासीको प्रतापपुर ५ वसहियास्थित सीमामा स्थानीय र सशस्त्र प्रहरीबीच झडप भएको छ। झडपले उग्र रुप लिएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले चार राउण्ड हवाइ फायर गरेको छ ।

स्थानिय एक महिलाले भारतबाट मल ल्याउँदै गर्दा सशस्त्र प्रहरीले रोक्न खोज्दा झडप भएको हो । प्रहरीले रोकेर ती महिलालाई लठ्ठी समेत प्रहार गरेको स्थानीय बताउँछन् । महिलालाई लठ्ठी प्रहार गरेपछि आक्रोसित भएका स्थानियहरु आक्रोसित भई चेक पोष्टमा बसेका सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए ।

सयौंको संख्यामा स्थानीयले आक्रमण गर्दा सशस्त्र प्रहरीका ५ जना जवानहरु गम्भीर घाइते र स्थानीय करिब ४ जना धाइते भएका छन्। आक्रोसित स्थानियलाई नियन्त्रण गर्न खोज्दा प्रहरीले आत्मरक्षाको लागी हवाई फायर गरेको सशस्त्र प्रहरी उपरिक्षक भरथ खनियाले बताए । घाइते भएका सशस्त्र प्रहरीलाई उपचारको लागी पृथ्वीचन्द्र अस्पताल परासी पठाइएको उनले जानकारी दिए ।

## समाजवादी कांग्रेस आन्दोलनसँगै भारतसँग वार्ताको पक्षमा



काठमाडौं/मस- नेपाल समाजवादी कांग्रेसले भारतले मिचेको नेपाली भूमि फिर्ता ल्याउनका लागि सरकारले पहल नगरे शासन सत्ता अन्त्यको निम्ति सशक्त आन्दोलन गर्ने निर्णय गरेको छ। आइतबार पार्टी अध्यक्ष गोविन्द निरौलाको अध्यक्षतामा बसेको पार्टीको केन्द्रीय समितिको बैठकले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नेपाली भूमि नेपालको स्वामित्वमा ल्याउन सरकारले पहल नगरे शासन सत्ता अन्त्यको निम्ति सशक्त आन्दोलन गर्ने र आन्दोलनकै क्रममा भारतसँग वार्ताको पहल गर्ने निर्णय गरेको पार्टीका सचिव मानबाहादुर गुरुङले जानकारी दिए ।

त्यस्तै बैठकले रुकुम पश्चिममा छ जनाको ज्यान जाने गरी भएको घटना अमानवीय भएको र उक्त घटनाका दोषीलाई कारबाही गर्न सरकारी पक्षबाट तत्काल पहल हुनुपर्ने निष्कर्ष निकालेको सचिव गुरुङले जानकारी दिए । साथै बैठकले राज्यमा देखिएको जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको अन्त्य गर्न वर्तमान शासन सत्ताको अन्त्य र संघीयता, धर्मनिरपेक्षताको खारेजी आवश्यक भएको निष्कर्ष निकालेको छ। मधेस मुद्दाको दीर्घकालीन समाधान गर्न २०३३ पछि अनियमित तरीकाले वितरण गरिएका सबै खाले नागरिक प्रमाणपत्रहरु खारेज गर्नुपर्ने समेत बैठकको निष्कर्ष छ ।

बैठकले कोरोना महामारीबाट ज्यान गुमाएका सबै जनताहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित जनताहरुप्रति सरकारको तर्फबाट उचित उपचार गर्न माग गर्ने निर्णय गरेको सचिव गुरुङले बताए ।

उनका अनुसार बैठकले पार्टीले अघि सारेको विश्व संवैधानिकता, संवैधानिक प्रजातन्त्र, हिन्दुराज्य, स्थानीय स्वशासन, समाजवादी अर्थनीति, राजसंस्था भन्ने नीति महत्वपूर्ण भएकोले त्यसलाई ब्याख्या गर्न पार्टी अध्यक्ष निरौलालाई जिम्मा दिएको छ ।

बैठकले देशको विभिन्न परिस्थितिको बारेमा छलफल गर्दै सशस्त नागरिक आन्दोलन हुन आवश्यक भएको निचोड निकालेको छ । आन्दोलनकै अभियानमा नयाँ संविधान जारी गर्नुपर्ने अवस्थालाई ध्यानमा राखेर अब बन्ने नयाँ संविधानको मस्यौदा तयार गर्न बैठकले अध्यक्ष निरौलालाई जिम्मा दिएको र उक्त मस्यौदा आगामी महिना दिनभित्र तयार भई पार्टीमा छलफल हुने सचिव गुरुङले जानकारी दिए ।

## खुकुरी प्रहारबाट एकको मृत्यु

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, २५ जेठ

खोटाङको केपिलासगढीमा एक वृद्ध दम्पत्तिम्थि खुकुरी प्रहार भएको छ। खुकुरी प्रहारबाट श्रीमानको मृत्यु भएको छ भने वृद्ध श्रीमती गम्भीर घाइते भएकी छन् । केपिलासगढी गाउँपालिका वडा नं २ खार्ताम्छाका ६५ बर्षीय डिल्लिराज राईको खुकुरी प्रहार गरि हत्या भएको हो ।

उनकी श्रीमती अन्दाजी ६२ वर्षीया साममाया राईको टाउको तथा शरीरभरी खुकुरी प्रहारबाट गम्भीर चोट लागेका कारण शक्त घाइते भएकी छन् । आइतबार स्थानीय अन्दाजी ३५ वर्षीय शुवराज राईले बृद्ध दम्पत्तिमाथि खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ । खुकुरी प्रहारबाट गम्भीर घाइते भएका डिल्लीराजको हेलिकप्टरबाट उपचारका लागि काठमाडौ लैजानेक्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरियाले जानकारी दिए ।

डिल्लीरीजकी श्रीमती साममायालाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौं पुऱ्याइएको छ । हत्याको कारण खुल्न बाँकी रहेको र हत्यारालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## प्यूठानका थप १ जनामा कोरोना पुष्टि

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २५ जेठ

प्यूठानमा थप १ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। जिल्लाको सरुमारानी गाउँपालिका वडा नंवर २ का १९ वर्षीय पुरुषमा आइतबार कोरोना संक्रमण पुष्टि भएको हो । राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान दाङमा गरिएको पिसिआर परीक्षणका क्रममा उनमा कोरोना पोजिटिभ देखिएको हो । उनी यही जेठ ६ गते भारतको मध्येप्रदेशबाट कपिलवस्तुको कृष्णनगर नाका हुँदै बीस जनाको समुहमा नेपाल आएको खुलेको छ। संक्रमित पुरुष खड्केश्वरी प्राथमिक बिध्यालयको क्वारेन्टाइनमा बस्दै आएका थिए । उनी सहित २७ जनाको स्वाब संकलन गरी जेठ १८ गते राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान दाङमा पठाइएको थियो । अघिल्लो पटक र पछिल्लो पटक गरी पिसिआरका लागि पठाइएको नमुना सङ्कलनमध्ये आइतबार ८१ जनाको पिसिआर परीक्षण गर्दा एक जनाको रिपोर्ट पोजेटिभ देखिएको हो । योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या ४ पुगेको छ । यसअघि जिल्लाको स्वर्गद्वारी नगरपालिका १ जना र माण्डवी गाउँपालिकाका २ जना गरी ३ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । उनीहरुलाई गाउँपालिकाका र नगरपालिकाकाले तयार पारेको आइसोलेशनमा राखि उपचार गरिएको छ ।

## टोखा–११ मा गोरखकाली मन्दिर निर्माण सम्पन्न गर्न नयाँ कार्यसमिति



काठमाडौं/मस- टोखा नगरपालिका अन्तरगत वडा नं ११ निर्मलबाटिका टोलस्थित लक्ष्मी नारायण मन्दिरसँगै जोडेर गोरखकाली मन्दिर बनाउने गोरखकाली माता विमला गुरुङको वर्षौंदेखिको संकल्प र सपना पुरा गर्ने उद्देश्यका साथ मन्दिर निर्माण कार्य सम्पन्न गर्न त्यस क्षेत्रका सकृय समाजसेवी घनश्याम खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भएको छ ।

शनिबार सम्पन्न बिशेष साधारण सभाले त्यस क्षेत्रका सामाजिक र बिकास निर्माणका कार्यमा अग्रणी भूमिका खेल्दै आएका ब्यक्तित्वहरुलाई समेटेर खड्काको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको हो। नयाँ कार्यसमितिको उपाध्यक्षमा बृन्दा लामिछाने, सचिवमा चन्द्र न्यौपाने, सह सचिवमा गणेश दाहाल, कोषाध्यक्षमा यमकुमार श्रेष्ठ र सह कोषाध्यक्षमा अमर कुँवरलाई चयन गरेको छ ।

यस्तै कार्यसमितिका सदस्यहरुमा लोकनाथ ढकाल, हरिश कुँवर, मित्रलाल पोखरेल, शोभा पाण्डे र यादव संग्रौला रहेका छन्। साधारण सभाले मन्दिरको आजिवन संरक्षकको रुपमा गोरखकाली माता बिमला गुरुङलाई स्वत चयन गरेको छ ।

उक्त गोरखकाली मन्दिर निर्माण गर्ने भन्दै यसअघि पटक पटक कार्यसमितिहरु चयन भए पनि निर्माण कार्य भने अधुरै रहँदै आएको थियो । नयाँ कार्यसमितिको नर्माणपछि गोरखकाली मन्दिर सम्पन्न हुने त्यस क्षेत्रका धार्मिक श्रद्धालुहरुले बिश्वास लिएका छन् ।

### दैलेखको...

बढी प्रभावित देखिएको छ। दैलेखमा बढी संक्रमण देखिए पछि स्थानीय सरकारले प्रदेश र केन्द्र सरकारसँग तत्काल संक्रमण रोकथामको पहल चाल्न जनप्रतिनिधि र राजनीतिक दलले आग्रह गरेका छन् ।

शुक्रबार जिल्ला प्रशासन कार्यलयले नारायण नगरपालिका र दुल्लु नगरपालिकालाई निषेधाज्ञा जारी गरेको छ। भारतबाट भित्रिएका नागरिकमा कोरोना पुष्टि भइरहेको छ, तर संक्रमितहरुको व्यवस्थापन र उपचारमा ध्यान नदिंदा कोराना समुदाय स्तरसम्म फैलिनसक्ने खतरा बढ्दै गएको छ ।

नगरभित्रका ११३ मा एकैपटक संक्रमण भएपछि सुरक्षा चिन्ता बढेको हो । शुनिबार दुल्लु नगरपालिकामा २६ र महाबु गाउँपालिकामा पाँच महिने बालिका तथा अठार महिने बालकसहित १०७ संक्रमित देखिएपछि अहिले दैलेखमा कूल संख्या ३५२ रहेको छ । एकको क्वारेन्टिनमै मृत्यु भइसकेको छ भने एक जना निको भएर घर फर्किसकेका छन्। पछिल्लो बिहीबार संक्रमण देखिएका ११३ मध्ये ८७ जना गाउँमै छन् । उनीहरुको स्वास्थ्य अवस्था हेरेर आइसोलेसन अस्पतालमा ल्याउने छलफल चलिरहेको छ ।

भारतबाट आएर क्वारेन्टिनमा बसेकामा एकाएक संक्रमणको जोखिम बढेको हो । जिल्ला सुरक्षा समितिले नारायण नगरपालिकाका विभिन्न क्वारेन्टिनमा बसेकालाई एक साता कटेपछि पिसीआर परीक्षण गर्न स्वाब संकलन गरेर सुर्खेत पठाएको थियो ।

नतिजा आउन ढिलाइ भएपछि उक्त स्वाब जुम्ला गयो । जुम्लाबाट धेरैको शंकास्पद छ भनियो तर पुष्टि गरिएन। रिपोर्ट आउन ढिला भएपछि जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरेर तिनै क्वारेन्टिनमा बसेकाको पुनः आरडिटी गरेर नेगेटिभ रिपोर्ट आएका जतिलाई घर पठायो। घर पुगेको तीन दिन के बितेको थियो, नगरभित्रका ११३ मा संक्रमण पोजेटिभ भनेर रिपोर्ट आयो । तर, क-कसको नाम हो भनेर बिहीबार साँझसम्म आएन । जिल्ला सुरक्षा समितिले आपतकालीन बैठक राख्यो तर संक्रमित अधिकांश घर पुगेका थिए । बुधबारदेखि उनीहरू घरमै छन् । अहिले दैलेखको नारायण नगरपालिकाका विभिन्न वडामा ८७ संक्रमित घरमै बसेका छन्। समस्या केही नभएका कारण उनीहरुलाई घरमै सुरक्षित राख्नेतर्फ जिल्ला सुरक्षा समिति र स्वास्थ्य कार्यालय दैलेख लागेको छ ।

स्थानीय राजनीतिक दलले संक्रमित मार्फत अन्य वृद्ध र बालबालिकामा सङ्क्रमण फैलिने र दैलेखको अवस्था भयावह हुने भन्दै तत्काल जिल्लाका गाउँपालिका, नगरपालिका सबै सिल गर्नुपर्ने र परीक्षणको दायरा बढाउनुपर्ने माग गरेका छन् । जिल्ला समन्वय समिति दैलेखका प्रमुख प्रेम थापाले यस्तो महामारी रोगलाई पनि सामान्यरूपमा हेरिनुले जनताको स्वास्थ्यमा खेलबाड भएको भन्दै कडा आलोचना गरे। उनका अनुसार यस्तो बेलामा जिम्मेवार निकायले हेलचेर्क्याइँ गर्ने हो भने अवस्था जटिल बन्नसक्छ । केन्द्र वा प्रदेश सरकारले तत्काल दैलेखका बारेमा गम्भीर हुनुपर्ने समन्वय प्रमुख थापाले बताए ।

"भारतबाट ४२ हजार आउने अनुमान छ । अहिले १२ हजार आइसकेका छन्। यही तथ्याङ्कलाई आधार मान्ने हो भने दैलेखमा धेरैमा सङ्क्रमण देखिन सक्ने जोखिम बढेको छ । हामीले बारम्बार सरकारलाई यो कुरा जानकारी गराएका छौँ", उनले भने ।

सदरमुकामको नारायण नगरपालिकामा मात्रै १९५ मा संक्रमण देखिएपछि संकटकाल घोषणा गर्न स्थानीय जनप्रतिनिधिले पहिला नै माग गरेका थिए। जिल्ला सुरक्षा समिति र जनप्रतिनिधिको विवादका कारण सदरमुकाममा कर्फ्यु घोषणा गरिएन, न त संक्रमितको खोजी नै गरियो ।

जिल्ला स्वास्थ्य कार्यालय दैलेखका प्रमुख डा निरञ्जन पन्तले सङ्क्रमितलाई कुनै पनि लक्षण नदेखिएको अवस्थामा घरमै सुरक्षित बस्न र फोनबाट स्वास्थ्यकर्मीले उनीहरूको अवस्था बुझ्ने काम भएको बताए । स्वास्थ्य मन्त्रालयले पनि त्यस्तै निर्देशिका जारी गरेर पठाएकाले यो विषयमा जिल्लामा छलफल भइरहेको उनको भनाइ थियो। जनताको स्वास्थ्यमा खेलबाड गर्ने अधिकार कोही कसैलाई नभएकाले तत्काल स्वास्थ्य र सुरक्षाका विषयमा लाग्न महाबु गाउँपालिका अध्यक्ष जङ्गबहादुर शाहीले बताए ।

क्वारेन्टिनमै मृत्यु

केआइसिंह गाउँपालिका-३ स्थित क्वारेन्टिनमा १९ वर्षीय एक युवकको मृत्यु भएको छ । वडा नं ३ का १९ वर्षीय युवकको आज बिहान ३ बजे मृत्यु भएको हो । उनी लामो समयदेखि मुटुका बिरामी थिए । बेलाबेला मुखबाट रगत निकाल्ने, काँप्ने लक्षण देखिँदै आएको उनका बुबा गजैसिं ऐरले बताउनुभयो ।

भारतको दिल्लीबाट उनी जेठ २० गते आइपुगेपछि सीताराम आधारभूत विद्यालयमा बनाइएको क्वारेन्टिनमा राखिएको थिए । "१२/१३ वर्षदेखि छोरा रोगी थियो, खेत बेचेरसमेत भारतका विभिन्न अस्पतालमा उपचार गरेको थिए", मृतकका बुबा ऐरले भने, "क्वारेन्टिनमा छोरालाई बिसञ्चो भएपछि भेट्न पुगेँ, म पुग्ने बित्तिकै छोरो बेहोस भई ढल्यो ।"

छोरा ढलेपछि स्याहार गर्न बुबा आफैँ क्वारेन्टिन बस्ने शर्तमा भित्र पसेका थिए । "गाउँमा सामान्य झारफुक र पानी छम्केपछि छोरा अलि होसमा आउँथ्यो" उनले भने, "पहिले पनि यस्तै हुने हुँदा रातिको समय हामीले स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिलाई खबर गरेनौं तर राति झन् च्यापेपछि शरीरमै दिसापिसाब र रगत फालेपछि बिहान ३ बजे प्राण त्याग्यो ।"

### छलफलमा...

पाँच अर्ब ७४ करोड ७४ लाख अनुदान आउने अनुमान गरिएको छ । तर, नेकपाको ठूलो पंक्ति भने एमसीसी पारित गर्न नहुने पक्षमा छन् । संसदबाट पारित नभएको कार्यक्रमबाट अनुदानको अनुमानित आय राखेर वैधानिकता दिन खोजिएको भन्दै प्रधानमन्त्री ओली इतरका नेताहरुले आलोचना गरिरहेका छन् ।

नेकपाको गएको पुसमा सम्पन्न केन्द्रीय समिति बैठकले वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा एमसीसीबारे अध्ययन गर्न कार्यदल गठन भएको थियो। उक्त कार्यदलमा रहेका प्रदीपकुमार ज्ञवालीले भने छुट्टै प्रतिवेदन पेश गरेपछि फेरि पनि नेकपाभित्र एमसीसीबारे निर्णय हुन सकेको छैन ।

### सुनको...

मूल्य पनि सोही अनुसार बृद्धि भएको छ। आइतबार सुनको मूल्य प्रतितोला ८७ हजार ४ सय रुपैयाँमा कारोबार भइरहेको छ। जुन लकडाउन अघिको मूल्यको तुलनामा १० हजार ४ सय रुपैयाँ बढी हो ।

लकडाउनको अघिल्लो दिन सुन प्रतितोला ७७ हजार रुपैयाँमा कारोबार भइरहेको थियो । चाँदीको मूल्य पनि आईतबार ९ सय २५ रुपैयाँ पुगेको छ । जुन लकडाउन सुरु भएको अघिल्लो दिन चाँदी प्रतितोला ७ सय २० रुपैयाँमा कारोबार भईरहेको थियो । यसरी हेर्दा चाँदीको मूल्य लकडाउन अघिको तुलनामा प्रतितोला १ सय ९५ रुपैयाँले बढेको हो ।

### ईजाजतपत्र...

नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले सांसद् सिंहको अभिव्यक्तिले मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन गर्ने स्वभाविक प्रकृया अघि बढेको अवस्थामा त्यसलाई विषयान्तर गर्ने र व्यवसायीहरुलाई विना प्रमाण लाञ्छना लगाउने काम भएको भन्दै आधारहीन अभिव्यक्तिको पछि नलाग्न व्यवसायीहरुमा आग्रह गरेका छन् ।

त्यसैगरी अध्यक्ष ढकालले एसोसिएसन नेपाली कांग्रेसको आधिकारीक सुचेच्छुक संस्थाका हैसियतमा रहेकाले नेपाली कांग्रेसका सांसद्हरुले यस विषयमा आधिकारीक रुपमा धारणा राख्दा एसोसिएसनसँग जानकारी लिन समेत आग्रह गरे ।

वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजका अध्यक्ष तीर्थ बहादुर गुरुङले पनि कोरोना भाइरसको संक्रमणपछि सरकारले नै श्रम स्वीकृति बन्द गरेको बेला वैदेशिक रोजगार व्यवसायीहरुले वार्षिक एक सय कामदार वैदेशिक रोजगारीमा पठाउनै पर्ने अनिवार्य व्यवस्था परिवर्तन गर्न गत चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रकृया अघि बढाउने निर्णय गरेको अवस्थामा विना प्रमाण विभागीय मन्त्रीलाई जोड्नु तर्कसंगत नरहेको टिप्पणी गरे। संसद् जस्तो गरिमामय संस्थामा अभिव्यक्ति राख्दा निजी क्षेत्रका व्यवसायीहरुको मर्यादाको ख्याल नगरिनु आपत्तिको विषय रहेकोसमेत अध्यक्ष गुरुङले टिप्पणी गरे ।

मन्त्री यादवले आर्थिक वर्ष ०७७/०७८ को बजेट अन्तर्गत श्रम मन्त्रालयका लागि विनियोजित बजेटमथि जवाफ दिँदा सांसद सिंहको शनिबार अभिव्यक्तिकोबारेमा जवाफ दिने तयारी गरिरहेको मन्त्रालय उच्च श्रोतले बतायो। कार्यसूचीमा परिवर्तन नभए सोमबार मन्त्री यादवले संसद्मा जवाफ दिने कार्यक्रम रहेको बताइएको छ ।

मन्त्री यादव सर्लाही क्षेत्र नं ३ र सांसद सिंह सर्लाही क्षेत्र नं ४ का निर्वाचित सांसदहरु हुन् । कतिपयले सांसद सिंहले शनिवार दिएको अभिव्यक्ति जिल्लास्तरीय राजनीतिको दाउपेच समेत हुनसक्ने टिप्पणी गरेका छन् ।

यता मन्त्री यादवले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि प्रतिवेदन दिन मन्त्रालयका सहसचिव उमेश ढुंगानाको संयोजकत्वमा गठित ३ सदस्यीय कार्यदलले गत साता नै प्रतिवेदन बुझाएको कार्यदलका एक सदस्यले मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए । आइतबार बैठक बसी गम्भीर रुपमा समीक्षा गरिएको भन्दै संकटमा रहेका व्यवसायीहरुलाई आधार र प्रमाण विना आरोप लगाउनु खेदजन्य रहेको बताए । सोमबार आधिकारीक विज्ञप्तिमार्फत मञ्चको धारणा सार्वजनिक गरिने पनि संयोजक भन्तनाले जानकारी दिए ।

### कामदारप्रति...

क्यानबेरामा नेपाली दूतावास भवन बनाउन क्रमशः ३० हजार लाख र ४ हजार लाख विनियोजन गरिएको तर विदेशमा कठिनाई परेका कामदारलाई उद्धार गर्नका लागि १ सय १८ लाख रुपैयाँमात्र विनियोजन गरिएको भन्दै नेता गिरीले समस्यामा परेका कामदारहरुलाई स्वदेश ल्याउन प्राथमिकतामा पर्नुपर्नेमा अर्को वर्ष बनाएपनि हुने दूतावास भवनहरु बनाउन रकम विनियोजन गर्न हतार गरिनु आश्चर्यको विषय भएको टिप्पणी समेत गरे ।

परराष्ट्र मन्त्रालयले नेपालमै पनि विभिन्न भवन बनाउन रकम विनियोजन गरेको भन्दै नेता गिरीले रोजगारी गुमाएकाहरुलाई हातमुख जोड्नका लागि खर्च गर्न बजेट नहुने तर भवन बनाउन बजेट पर्याप्त विनियोजन हुनुले गम्भीर प्रश्न उठाएको बताए ।

सांसद् गिरीले भारत, चीन र अमेरिकामा मात्रै नेपालको दूतावास राखे पुग्न भन्दै अन्य देशमा रहेका दूतावास बन्द गरेर खर्च कटौती गर्नुपर्ने बताए । उनले भने, 'हाम्रो देशलाई काम लाग्ने देश मन पराए पनि नपराए पनि हिन्दुस्तान चीन र अमेरिका हुन बाँकी मुलुकमा रहेका दूतावास कुनै समय राजालाई सयर गर्न दरवार चाहिए जस्तै, कार्यकर्तालाई जागिर खुवाउन र राष्ट्रपति र प्रधानमन्त्रीको स्वागत गर्ने मात्रै हो। कार्यकर्तालाई नियुक्ति दिन मात्रै दूतावास राख्नुको औचित्य छैन ।'

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/१२/१९ मा दर्ता भएको **प्रा.लि. नं. १८६८२३** को **काव्या एक्सपोर्ट ईम्पोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०१/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# खेलाडीको तलब पठाउन क्यानको आग्रह


फाइल फोटो

मध्यान्ह/संवाददाता
काठमाडौं, २५ जेठ

नेपाल क्रिकेट संघ क्यानले नेपाली क्रिकेटरहरुको बाँकी तलब तत्काल पठाउन अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीसँग माग गरेको छ। क्यानले आईसीसीलाई नयाँ सम्झौता लागु नहुँदासम्म 'ए' ग्रेडलाई ४५, 'बी'लाई ३५ र 'सी' बर्गकालाई २५ हजारकाले दरले तलब पठाउन सिफारिस गरेको हो। पछिल्लो समय नेपाली क्रिकेट टिमका खेलाडीहले १६ महिना देखि तलब पाएका छैनन्।

क्यानले खेलाडीको केन्द्रीय सम्झौता परिमार्जन गरेर तलब बढाउने तयारी गरेको थियो। तर लकडाउनका कारण त्यो प्रक्रिया रोकिएको थियो । २०१९ मा केन्द्रिय खेलाडी सम्झौतामा रहेका खेलाडीको पारिश्रमिक बढाएर पठाउन क्यानले आइसीसीसँग माग गर्ने भएको छ । हाल ए ग्रेडले ३५, बी मा रहेका २५ र सी ग्रेडमा रहेका खेलाडीले १५ हजार पाउने गर्दछन् ।

क्यानले एक बर्षको तलब अहिलेका लागि १० हजारका दरले बढाएर पठाउन र क्यानसँग नयाँ सम्झौता भएपछि त्यो भन्दा बढाएर दिने भनेर आग्रह गरेको अध्यक्ष चतुरबहादुर चन्दले बताए ।

यस्तै तीन महिनादेखि प्रशिक्षणविहिन रहेका राष्ट्रिय क्रिकेट टोलीका खेलाडीको प्रशिक्षणका लागि सरकारसँग अनुमति माग्ने भएको छ ।

शनिबार अनलाइन मार्फत बसेको बोर्ड बैठकले राष्ट्रिय क्रिकेट टोलीलाई प्रशिक्षण अनुमती तथा केन्द्रीय सम्झौताको सूचीमा रहेका खेलाडीको पारिश्रमिक बढाउन (आइसिसी) लाई सिफारिस गरेको हो ।

सो बैठकमा कीर्तिपुर वा पोखरा मध्ये एक ठाउँमा १५-२० जनालाई प्रशिक्षणका लागि राख्नलाई सरकार सँग अनुमति माग्ने क्यानका अध्यक्ष चन्दले बताए ।

त्यस्तै क्यानले अर्को बैठकमा साधारण सभा कहिले राख्ने भन्ने निर्णय गर्ने भएको छ। सरकारले अनुमति दिए साउन मसान्तसम्म साधारण सभा गर्ने छलफल भएको छ ।

# लकडाउन खुलेका ठाउँमा टेन्टको अत्याधिक माग

**वासिङ्टन, एजेन्सी**-कोरोनाभाइरसको त्रास र लकडाउनका कारण लामो समयसम्म बन्द भएर व्यापार व्यवसायहरु पुनः संचालन हुन थालेपछि टेन्टको माग ह्वात्तै बढेको छ । अमेरिकाका सबैजसो शहरहरुमा टेन्टको माग अत्यधिक बढेको एक अध्ययनले देखाएको अधिकारीहरुले जनाएका छन् । कोरोनाभाइरसको त्रासका कारण त्यसबाट बच्नका लागि व्यापार व्यवसाय संचालन गरेको ठाउँलाई फराकिलो बनाउनका लागि टेन्टको माग बढेको बताइएको छ । रेस्टुरेन्ट, होटल, खुद्रा पसललगायतले आफ्ना ग्राहकका लागि टेन्ट लगाएर ठाउँ विस्तार गरेको पाइएको छ । व्यापार व्यवसाय संचालन गर्दा कामदारका लागि र ग्राहकहरुका लागि पनि सामाजिक दुरी बढाउन पहिले प्रयोग गर्दै आएको ठाउँ साघुँरो भएकाले टेन्ट लगाएर फराकिलो बनाउनु परेको व्यवसायीहरुले बताएका छन् ।

माग अत्यधिक बढेकाले देशभरका टेन्ट उत्पादक तथा विक्रेताहरुलाई अहिले भ्याई नभ्याई देखिएको वाल स्ट्रीट जर्नलले जनाएको छ । जर्नलमा प्रकाशित विवरण अनुसार एकै पटक धेरै उत्पादन, वितरण वा सेवा प्रवाह गर्नु पर्ने भएकाले पनि व्यवसायीहरुले टेन्टको माग गरेको पाइएको छ ।

उनीहरुले आफ्ना मेसिन तथा अन्य सामानहरु, कामदार र उपभोक्ताका लागि थप टेन्टको आवश्यकता परेको बताउने गरेका छन् । अध्ययनकर्ताहरुले सबै सेवा तथा उत्पादनको मुल्य बृद्धि पनि अत्यधिक भएको पाइएको जानकारी दिएका छन् ।

# खेलकुदमन्त्रीको संसदमा जवाफ आज

**काठमाडौं, मस**- संघीय संसदमा जेठ १५ गते अर्थमन्त्री डा. युवाराज खतिवडाले आर्थिक वर्ष २०७७-०७८ को बजेट पेश गरेपछि अहिले मन्त्रालयगतरुपमा विनियोजन विधेयक माथिको छलफल जारी छ ।

यसक्रममा युवा तथा खेलकुदमन्त्रालयको बजेटमाथिको छलफल सकिएको छ। खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा सुनारले यसको जवाफ सोमबार बस्ने संसद बैठकमा दिने छन् ।

सरकारले युवा तथा खेलकुद मन्त्रालयका लागि २ अर्ब ३६ करोड रुपैयाँ विनियोजन गरेको छ। गत वर्ष नेपालमै १३ औं दक्षिण एशियाली खेलकुद सागको आयोजना भएकाले पनि खेलकुद क्षेत्रमा बजेट बढी थियो । तर यस पटक



कोरोना भाइरसको महामारीका कारण समग्र बजेट नै घटेर आएका बेला सरकारले युवा तथा खेलकुद क्षेत्रको बजेट पनि घटाएको छ। एकै दिन सातवटा मन्त्रालयका बजेटमाथिको छलफल भएकाले अधिकांश सांसदहरुको समय अन्य मन्त्रालयगत शीर्षकहरुमा बोल्दैमा समय सकिएको थियो । तर, केही खेलकुदलाई बुझ्ेका र माया गर्ने सांसदहरुले भने खेलकुद मन्त्रालयको बजेटमाथि पनि टिप्पणी गरेका छन्। खेलकुद मन्त्रालयसहित अन्य मन्त्रालयको छलफलका लागि संसदमा झण्डै साढे ६ घण्टा बैठक चल्दा सांसदहरुले खेलकुदको विषयमा २० मिनेट पनि दिएनन् । सत्तारुढ दलका सांसदहरुले युवा तथा खेलकुद क्षेत्रको बजेट सन्तुलित भएको भन्दै बचाउ गरेका छन् भने प्रतिपक्षि सांसद्हरुले मन्त्रीले आफ्नो क्षेत्रमा मात्रै खेलकुदको बजेट विनियोजन गरेको आरोप लगाएका छन् ।


## आमाछोदिङमो गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०२/२६)

यस कार्यालयबाट तपसिल बमोजिमको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं | कामको विवरण | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र कन्टिन्जेन्सी सहित) |
|---|---|---|---|---|---|
| १ | ARM/NCB Works/02/076/077 | Construction of 2 No. Ward Office Building | २०७७।०१।१८ | गोप्पो कन्स्ट्रक्सन हाकु रसुवा | ६,२७५,२२१.९४ |
| २ | ARM/NCB Works/03/076/077 | Godam to Community Bullding Road Construction | २०७७।०१।१८ | एस् एल् पारामेन्दो निर्माण सेवा, गतलाङ रसुवा | ७,७९१,९८०.०० |
| ३ | ARM/NCB Works/04/076/077 | Supply and Installation of Solar Street light in Ghre, Nesling, and Sano Haku | २०७७।०१।१९ | लालिगुराँस कन्स्ट्रक्सन हाकु रसुवा | ४,९९९,७८३.०० |


# मानन्धर इन्टरनेशनल काता च्याम्पियनसिपको फाइनलमा



**काठमाडौं, मस**-नेपालका करोत खेलाडी एवं प्रशिक्षक रविन्द्र मानन्धर सद्गुरु मास्टर्स अनलाईन कराते काता च्याम्पियनसिप २०२० को फाईनलमा प्रवेश गरेका छन् ।

केरला कराते संघ, भारतको आयोजनामा भएको अनलाईन कराते काता च्याम्पियनसिपमा आफ्ना २१ प्रतिद्वन्दीलाई पछाडी पार्दै मानन्धर ३५-४५ बर्ष उमेर समूह 'ए' बाट फाईनल प्रवेश गरेका हुन्। उनले सेमिफाइनलमा भारतका खेलाडीहरुलाई पछि पार्दै फाईनल यात्रा तय गरेका थिए ।

अव उनले उपाधीका लागि फाइनलमा स्पेनका खेलाडीको सामना गर्नेछन् । बिश्व कराते महासंघ र एशियाली कराते महासंघको नियममा खेलाईएको अनलाईनल च्याम्पियनसिपमा ३५-४५, ४५-५५, ५५-६५ र कुबुदो गरि ४ विधामा प्रतिर्स्धा गराईएको मानन्धर स्वयंले जानकारी गराएका छन् ।

नेपालबाट सो च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने मानन्धर एक्ला खेलाडी हुन्। एक महिना देखि संचालन भईरहेको च्याम्पियनसिपमा जापान, भारत, स्पेन, श्रीलङ्का, नेपाल, फिलिपिन्स, भियतनाम, भनेजुयला लगायतको सहभागिता रहेको थियो ।

अन्य बिधाको सेमिफाईनल सम्पन्न पश्चात फाईनल जुन १३ तारिखमा आयोजना हुने मानन्धरले जानकारी गराए । बिजयी खेलाडीहरुलाई मेडल, प्रमाण पत्र र ट्रफी प्रदान गरिने छ ।

कोभिड १९ बाट बिश्व अक्रान्त भईरहेको अवस्थामा बिश्वका बिभिन्न अन्तराष्ट्रिय खेल संस्थाहरुले अनलाईन मार्फत खेलाडी तथा प्रशिक्षकहरुलाई क्रियासिल गर्दै आईरहेका छन् । त्यसै क्रममा बिश्व कराते महासंघ र एशियाली कराते महासंघको सम्वन्धनमा केरला कराते संघले उक्त च्याम्पियनसिप आयोजना गरेको थियो ।

# अफगानिस्तानको पूर्वी सीमामा बम बिस्फोट

**काबुल, एजेन्सी**-पाकिस्तानसँग सीमा जोडिएको पूर्वी पाक्तिया प्रान्तमा सडकछेउमा राखिएको बारुदी सुरुङ बिस्फोट हुँदा दुई जना अफगान सीमा सुरक्षाकर्मीको मृत्यु भएको छ । प्रान्तको पाटन जिल्लास्थित मकबालो उपत्यकामा सुरक्षाकर्मी चढेको कारलाई लक्षित गरी उक्त बिस्फोट गराइएको सुरक्षा स्रोतले जनाएको छ ।

पाकिस्तान-अफगानिस्तानको यो सीमाक्षेत्र मुलुकमै सबैभन्दा डरलाग्दो मानिन्छ । गत मे महिनामा पनि तालिबान समूहको आक्रमणमा यहाँ १४ जना अफगान सैनिकको ज्यान गएको थियो ।

स्रोतका अनुसार बिस्फोटबाट अरु दुई जना सुरक्षाकर्मी घाइते भएका छन् । प्रहरीले भने उक्त घटनाका बारेमा बताउन अस्वीकार गरेको छ ।

यसैबीच, अफगानिस्तानको दक्षिणी हेल्मान्ड प्रान्तमा प्रहरीसँगको मुठभेडमा कम्तीमा ११ जना तालिबानका सदस्यको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। उक्त भिडन्तमा अरु छ जना तालिबानी घाइते भएका छन् । प्रहरीका अनुसार शुक्रबार राति हेल्मान्ड प्रान्तका नाद अलि, वाशिर र सान्गिन जिल्लाका प्रहरी जाँच चौकीमा तालिबानी समूहले आक्रमण गरेपछि प्रहरीले जवाफी कारबाही गरेको थियो ।


## मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश नेपाल

### औजार उपकरण र सर्जिकल सामाग्री लगायत खरिद सम्बन्धि खुल्ला वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/२६

मन्थली नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुका लागी आवश्यक औजार उपकरण technical specification मा उल्लेख भए अनुसार खरिद गर्नुपर्ने भएकाले इच्छुक फर्म कम्पनीहरु बाट देहाय बमोजिम सर्तको अधिनमा रही रित पुर्वक बोलपत्रको सूचना आव्हान गरीएको छ । यस सम्बन्धी विस्तृत विवरण मन्थली नगरपालिकाको वेवसाईट http://manthalimun.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**शर्तहरु**

१ वोलपत्र दाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र कार्यालय समयमा रु ३००० (अक्षरेपी रु तिन हजार मात्र) पछी फिर्ता नहुने गरी यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिन्छ ।

२ खरिद गरेको बोल पत्र फारम रित पुर्वक भरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेसम्म वोलपत्रको विषय बोल पत्र दाताको नाम ठेगाना र फोन न उल्लेख गरी यस कार्यालयमा शिलबन्दि गरी दर्ता गराईसक्नु पर्ने छ । दर्ता हुन आएका वोलपत्र फारममा आधिकारीक दस्तखत र छाप अनिवार्य हुनु पर्नेछ । समय र म्याद नागी आएका वोलपत्र समावेस गरीने छैन । दर्ता भएको वोलपत्रहरु सोही दिन दिनको २:०० बजे वोलपत्र वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । वोलपत्र खोलिने दिन वोलपत्र दाताहरुको अनुपस्थिति रहेपनी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ वोलपत्र विक्री गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त विदाको भोली पल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४ वोलपत्र दाताले आफुले कबुल गरेको अंक र अक्षरमा केरमेट नगरी दर स्प्रस्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

५ ईच्छुक फर्म कम्पनी वा संस्थाले वोलपत्र खरिद गर्दा चालु आ.व. को नविकरण गरीएको आधिकारिक निकायको दर्ता ईजाजत पत्र स्थाई लेखा नम्बर आ.ब. २०७५/०७६ को मु.अ.क. चुक्ता प्रमाण पत्र न.पा. व्यवसाय दर्ता प्रमाण पत्र हरुको प्रमाणित प्रतिलिपि र नागरिताको प्रतिलिपि संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ ।

६ वोलपत्र दाताले वोलपत्र यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय मन्थली मा रहेको धरौटि खाता नं १६८०३०३००७१०२ मा रु १८८००० (अक्षेरूपि एक लाख अठासी हजार मात्र) जम्मा गरेको सक्कल भौचर न.पा. लाई मान्य हुने बाणिज्य बैक बाट जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तिमा ७५ दिन अबधिको विडबण्डको सक्कल पेश गरेको हुन पर्ने छ । बोलपत्रको मान्य अबधि बोलपत्र खोलेको मितिबाट ४५ दिनको हुनेछ ।

७ वोलपत्र फारममा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्ने पर्ने छ ।

८ वोलपत्र पेश गर्दा ISO Certified Company बाट उत्पादित तथा नेपाल सरकारबाट स्विकृति प्राप्त औजार उपकरण र सर्जिकल सामाग्री लगायत हुनुपर्ने छ र उत्पादक कम्पनिको नाम अनिवार्य उल्लेख गर्नु पर्ने छ ।

९ कार्यालयमा औजार उपकरण दाखिला हुन आउदा ड्यामेज नभएको र म्यानिफ्याक्चर मितिबाट एक बर्ष बढि नभएको हुनुपर्ने छ ।

१० स्विकृत सर्जिकल सामाग्रीहरु कार्यालयको आवश्यकता अनुसार घटि या बढि लिन सकिनेछ ।

११ वोलपत्र खण्ड खण्ड गरी पूरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२ यस सूचनामा उल्लेख नभएका कुराहरु बोलपत्र फारममा उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३ यस सम्बन्धि थप जानकारी आवश्यक भएमा नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिलः

| क्र. सं. | सूचना नं. | मालसामान खरिद कार्यको विवरण | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | MM/G/NCB /3/076/77 | स्वास्थ्य औजार उपकरण र सर्जिकल सामाग्री लगायत खरिद | ३०००/- | १८८०००/- | २०७७/०३/०८ गते कार्यालय समय भित्र । | २०७७/०३/०९ गते दिउँसो १२ बजे भित्र । | २०७७/०३/०९ गते दिउँसो २ बजे । |

प्रमुख प्रशासकीय अधिकृत

# सेयर कारोबार सुचारु गर्ने पक्षमा अर्थमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ



अर्थमन्त्री डा. युवराज खतिवडाले लकडाउनकै कारण लामो समयसम्म सेयर बजारलाई बन्द गर्न नहुने बताएका छन्. धितोपत्र बोर्डले आयोजना गरेको भिडियो कन्फ्रेन्समा बोल्दै उनले लकडाउनको निहुँ गरेर धितोपत्र बजारलाई सँधै बन्द गर्न नमिल्ने बताएका हुन् । धितोपत्र बोर्डको २८ औं बार्षिकोत्सव कार्यक्रममा बोल्दै उनले आफुसँग भएको सेयर स्वामित्व कारोबार गर्न नपाउँदा लगानीकर्ताहरुलाई समस्या परेको बताउँदै यस विषयमा बोर्डले आफ्ना सिस्टमलाई परिस्कृत गर्दै बजार संचालन गर्नेतर्फ सोच्नुपर्नेमा जोड दिए ।

कोरोनासँगै मानिसको जीवनयापन संचालन गर्नुपर्ने भएकाले आधारभुत आर्थिक क्रियाकलाप संचालन गर्न अबका दिनमा पूँजी बजार खुला गर्नेतर्फ ध्यान दिन अर्थमन्त्री खतिवडाले सेवोन र नेपाल स्टक एक्स्चेञ्ज (नेप्से)लाई निर्देशन दिए ।

यस्तै उनले पूँजी बजारमा बढी तरलता ल्याएर पूँजी परिचालन गर्न हाल रहँदै आएको सेटलमेन्ट समयलाई समेत घटाउनु पर्ने बताए। यसैगरी सेयरको मुल्य अनुमान योग्य बनाउनका लागि बजारमा संस्थागत लगानीकर्ताहरुको प्रवेशलाई बढवा दिनुपर्ने बताए । बैंक खाता वा डिम्याट खाता खोल्नुमात्रै सेयर बजारमा आवद्ध भएको नहुने भन्दै सेयर बजारमा सर्वसाधारण लगानीकर्ताको सहभागिताको सुनिश्चितता गर्न बजारको सुचना प्रणालीदेखि कम्पनीको वित्तीय विवरणलाई समेत पारदर्शी बनाएर राख्नुपर्ने बताए ।

पछिल्लो धितोपत्र बोर्डजस्ता स्वायत्त निकायले गरेका निर्णयका सम्बन्धमा बाहिर धेरै विरोध आउने गरेको भन्दै यसलाई आन्तरिक रुपमै मिलाउनुपर्ने उनको भनाई थियो । कोरोना महामारीबाट विश्व सेयर बजारलाई नै ठूलो असर पुर्याएको भन्दै अबका दिनमा नेपालको पूँजी बजारलाई सार्क क्षेत्रमा विस्तार गर्नुपर्ने बताए । 'सार्क क्षेत्रमा पूँजी परिचालन गर्न होस वा प्रविधि हस्तान्तरणका लागि पनि अबका दिनमा सोही अनुरुप पूँजी बजारलाई विस्तार गर्नु जरुरी छ,' उनले भने ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले पुँजी बजारमा बैंक तथा वित्तीय संस्थाको बाहुल्यता रहेकोले राष्ट्र बैंकले लिने नीति नियमले पनि बजारमा असर पार्ने बताए। 'यसैले आगामी आवको मौद्रिक नीति आउँदै छ,' उनले भने, 'यसमा पुँजी बजारको विकास र विस्तार हुने गरी सञ्चालन गर्न आवश्यक सल्लाह सुझाव दिनुस् ।'

कार्यक्रममा बीमा समितिका अध्यक्ष चिरञ्जीवि चापागाईंले जीवन बीमा कम्पनीहरूसँग रहेको लाइभ फन्ट धितोपत्र बजारमा परिचालन गर्ने व्यवस्था मिलाउनु पर्ने बताए । 'यसले बीमा कम्पनीलाई पनि फाइदा हुन्छ भने पुँजी बजारलाई पनि तरलता प्राप्त हुन्छ,' उनले भने ।

# सबै चार्टर्ड उडानमा प्रतिबन्ध



**काठमाडौं/मस**-नागरिक उड्डयन प्राधिकरण (क्यान) ले कूटनीतिक माध्यमबाट हुने चार्टर्ड उडानबाहेक सबै उडानमाथि रोक लगाएको छ । प्राधिकरणको सो निर्णयले सबैभन्दा बढी असर राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को चार्टर्ड उडानलाई असर पुऱ्याएको जनाइएको छ । निगमले बन्दाबन्दीको अवस्थामा दैनिकजसो चार्टर्ड उडान गर्दै आएको थियो । विपद्को अवस्थामा चार्टर्ड उडानको नाममा वायुसेवा कम्पनी तथा ट्राभल एजेन्सीले यात्रुसँग मनोमानी भाडा असुल्न थालेपछि प्राधिकरणले आजैदेखि चार्टर्ड उडानमा रोक लगाएको हो । प्राधिकरणले शनिबार राति जरुरी सूचना जारी गर्दै कूटनीतिकबाहेकका उडान रोकिएको जानकारी गराएको छ । नेपालबाट सबै प्रकारका व्यावसायिक यात्रु उडान प्रतिबन्ध गरिएको अवस्थामा कूटनीतिक माध्यमबाट हुने उडानलाई मात्रै उडान अनुमति दिइने सूचनामा भनिएको छ ।

निगमको पूर्वनिर्धारित चार्टर्ड उडानमा भने असर नपर्ने निगमले उल्लेख गरेको छ । निगमको यात्रु चार्टर्ड गरिएको वाइडबडी जहाज आज बेलुका ९ बजे जापानको नारिता र सोमबार अष्ट्रेलियाको क्यानबेरामा चार्टर्ड उडान गर्ने तालिका रहेको छ । बन्दाबन्दीमा नेपालबाट अन्तर्राष्ट्रिय गन्तव्यमा उडान भर्ने वायुसेवा कम्पनीमध्ये निगमले सर्वाधिक चार्टर्ड उडान गरेको छ । नेपालबाट तीन नेपालीसहित ३० वायुसेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् । बन्दाबन्दीको समयमा चार्टर्ड उडानले पछिल्लो समय वित्तीय सङ्कट बेहोरिरहेको नेपाल एयरलाइन्सलाई आर्थिकरूपमा पनि केही राहत मिलेको थियो । विपद्को उडान सारथी बनिरहेको नेपाल एयरलाइन्सले यात्रु चार्टर्ड र कार्गो चार्टर्ड उडान गर्दै आएको थियो । प्राधिकरणको निर्णयले अब कार्गो उडान मात्र गर्न पाउनेछ । व्यावसायिक चार्टर्ड उडान गर्न पाइँदैन । नेपाल एयरलाइन्सपछि कतार एयरले सबैभन्दा धेरै चार्टर्ड उडान गरेको थियो ।

निगमका एक उच्च अधिकारीका अनुसार प्राधिकरणको निर्णयले निगमलाई सबैभन्दा मार पुगेको बताए । उनले "बन्दाबन्दीको अवधिमा चार्टर्ड उडानको अभिभारा बोकेको निगमलाई पछिल्लो प्राधिकरणको निर्णयले सबैभन्दा बढी असर गरेको छ, किनकि पछिल्लो समय उल्लेख्य सङ्ख्यामा हुँदै आएका चार्टर्ड उडान अब गर्न नपाइने भएको छ ।"

निगमले बन्दाबन्दीको अवधिमा नौ कार्गोसहित २३ अन्तर्राष्ट्रिय चार्टर्ड उडान तथा आन्तरिकतर्फ ११ चार्टर्ड उडान गरेको जनाएको छ । निगमले अन्य मुलुकमा पनि चार्टर्ड उडानका लागि पहल गरिरहेको थियो । प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले व्यावसायिक प्रकृतिका चार्टर्ड उडान प्रतिबन्ध गरिएको तर कूटनीतिक माध्यमबाट हुने चार्टर्ड उडान भने यथावत रहने जानकारी दिए ।

सरकारले गत चैत ९ गतेदेखि लागू हुने गरी नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने सबै वायुसेवा प्रदायक कम्पनीको उडान स्थगन गरेको थियो । त्यस्तै चैत ११ देखि आन्तरिक उडान पनि स्थगन गरिएको थियो । कोभिड-१९ महामारी नियन्त्रण गर्न सरकारले चैत ११ गतेदेखि देशभर बन्दाबन्दी गरेको छ ।

# लितेखोला जलविद्युत्को उत्पादन बन्द



**काठमाडौं/मस**-बागलुङ जिल्लाको गलकोट नगरपालिका-८ का ६५ घरपरिवार डेढ महिनादेखि अन्धकारमा बस्न बाध्य भएका छन् । थालेपोखरा, फूलबारी र बतासे गाउँका स्थानीयवासीले प्रयोग गर्दै आएको स्थानीय लितेखोला लघु जलविद्युत् परियोजनामा समस्या आएपछि अन्धकारमा बस्न बाध्य भएका हुन् ।

डेढ महिनादेखि विद्युत् उत्पादन हुन नसकेको सो लघुजलविद्युत् परियोजनाका अध्यक्ष छमबहादुर गलामीले बताए । उनले बन्दाबन्दी जारी रहँदा मर्मत गर्न नसक्दा लामो समयसम्म विद्युत् अवरुद्ध भएको बताए ।

केन्द्रीय प्रसारण लाइनको पहुँचमा नपुगेको थालेपोखरा, फूलबारी र बतासे गाउँमा लघुजलविद्युत्ले साँझको समयमा मात्र भए पनि उज्यालो दिँदै आए पनि उपकरण बिग्रिँदा अन्धकारमै रात बिताउनुपर्ने भएको स्थानीय देवबहादुर विकले जानकारी दिए । साँझमा मात्रै सञ्चालन हुने लघुजलविद्युत् बिग्रिएपछि मोबाइल चार्ज गर्नसमेत समस्या भएको छ । "केन्द्रीय प्रसारण लाइन जस्तो २४सै घण्टा विद्युत् आपूर्ति नभए पनि केही राहत हुँदै आएको थियो", उनले भने, "केन्द्रीय प्रसारण लाइनका लागि विद्युत् पोल गाडे पनि विद्युत् बल्न सकेको छैन ।"

साँझ र बिहानमात्रै भए पनि लघुजलविद्युत्ले सहज पुऱ्याएको भए पनि विद्युत् गृह मर्मत नहुँदा समस्या भएको अर्का स्थानीय तुलबहादुर विकले बताए । नेपाल विद्युत् प्राधिकरणले गाउँमा केन्द्रीय प्रसारण लाइनको विस्तार थाले पनि विद्युत् बाल्न सकिरहेको छैन । थालेपोखरासहित विद्युत् नपुगेको गाउँमा विद्युतीकरणको काम तीव्र गतिमा भएकाले जति सक्दो छिटो केन्द्रीय प्रसारण लाइनको पहुँच पुऱ्याइने नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका इन्जिनीयर प्रमेध पङ्गेनीले जानकारी दिए ।

विद्युतीकरणका लागि आवश्यक दुईवटा ट्रान्सफर्मरसमेत गाउँमा पठाइसकेका कारण विद्युत् जडानको केही प्राविधिक काममात्रै बाँकी रहेको प्राधिकरणले जनाएको छ ।

# विद्युतीय सवारीमा लगाइएको करप्रति काँग्रेसको आपत्ति

**काठमाडौं/मस**–प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा विद्युतीय सवारी साधनमा कर लगाएको भनी आपत्ति जनाउँदै फिर्ता गर्न माग गरेको छ । प्रतिनिधिसभाको आजको बैठकमा पार्टीका तर्फबाट सांसद देवेन्द्रराज कँडेलले आगामी आवको बजेटमार्फत विद्युतीय सवारीमा लगाइएको औसतमा ११३ प्रतिशतसम्मको कर व्यवस्था प्रतिगमनकारी भएको टिप्पणी गरे ।

बैठकको प्रारम्भमै काँग्रेस सांसद आफ्नो स्थानमा उभिएपछि सभामुख अग्निप्रसाद सापकोटाले दिएको समयमा सांसद कँडेलले सरकारको यो कदम जनताप्रति उत्तरदायी नभएको र वातावरण विनाशक भएको आरोप लगाए । "यो सत्तारुढ दलकै घोषणापत्र विपरीत हो", उनले भने । यसअघि यही सरकारले विद्युतीय सवारीमा प्रोत्साहन नीति अघि बढाउनु र अहिले विद्युतीय सवारीमा कर लगाउनु भोटको राजनीति भएको उनको भनाइ थियो । विद्युतीय सवारी साधनलाई प्रोत्साहन गरी पेट्रोलियम पदार्थको आयात कम गरेर व्यापार घाटा कम गर्न सकिने सांसद कँडेलको धारणा थियो । वातावरण प्रदूषण कम गर्न र मानिसको स्वास्थ्यमा सुधार गर्नका लागि विद्युतीय सवारीमा लगाइएको कर फिर्ता गर्नुपर्ने नेता कँडेलले माग गरे । नेपालले अन्तरराष्ट्रिय रूपमा गरेको प्रतिबद्धता विपरीतसमेत यो व्यवस्था रहेको बताउँदै उनले प्रदूषण नियन्त्रणका लागि पनि विद्युतीय सवारी साधनमा लगाइएको कर फिर्ता लिई यसको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।

# हवाई भाडामा भारी छुट

**काठमाडौं/मस**–हवाई इन्धनको मूल्य घटेपछि वायुसेवा सञ्चालकहरुको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले हवाईजहाजको भाडा घटाएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई इन्धनको मूल्य समायोजनको निर्णय कार्यान्वयन गराउन सङ्घलाई आइतबार नै पत्राचार गरेपछि हवाई भाडादर घटाइएको सङ्घले विज्ञप्तिमार्फत जनाएको हो ।

हवाई इन्धनको मूल्य घटेको अनुपातमा स्वचालित प्रणालीअनुसार मूल्य लागू गर्ने सरकारको निर्णय र सोहीअनुरुप प्राधिकरणको मिति २०७७ जेठ २५ को पत्रबाट अनुमोदन गरी कार्यान्वयनका लागि लेखी आएकाले हवाईभाडामा नयाँ 'फ्युल चार्ज' कायम गरिएको आज जारी भनिएको छ । नयाँ भाडादरअनुसार काठमाडौँ माउन्टेन उडानका लागि रु ८६० घटाएर रु दुई हजार २३० कायम गरिएको छ । काठमाडौँ-भद्रपुरको रु ७५० घटाइ एक हजार ९५० बनाइएको छ । काठमाडौँ-विराटनगर गन्तव्यमा साविकको रु दुई हजार १६० बाट रु ६०० घटाएर एक हजार ५५० कायम गरिएको छ ।

पोखराको रु २७० घटाएर रु ६९५ बनाइएको छ । काठमाडौँ-धनगढीको साविकको रु तीन हजार ९७५ बाट रु एक हजार १०५ घटाई रु दुई हजार ८७० निर्धारण गरिएको छ । काठमाडौँ-नेपालगञ्जको रु ८१५ घटाई रु दुई हजार ११५ बनाइएको छ । सबैभन्दा कम काठमाडौँ-सिमरामा रु ५५८ र सबैभन्दा बढी काठमाडौँ-धनगढी गन्तव्यको भाडा रहेको छ ।

हवाई इन्धनको मूल्य जे-जति घटबढ हुन्छ सोही अनुपातमा स्वचालित प्रणालीअनुसार मूल्य लागू गर्ने गरी नेपाल सरकार (विभागीय मन्त्री) को २०७५ जेठ २७ निर्णय गरेको थियो । सोही निर्णयअनुसार सङ्घमा आबद्ध वायुसेवा कम्पनीले स्वचालित प्रणालीअनुसार हवाई इन्धनको मूल्य समायोजन गर्ने निर्णय गरिएको सङ्घका महासचिव योगराज कँडेल शर्माले बताए । कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले चैत ११ देखि देशभर बन्दाबन्दी गरेको छ । चैत ९ गतेदेखि नै नेपालमा उडान भर्ने सबै अन्तर्राष्ट्रिय उडान तथा चैत ११ देखि नै आन्तरिक उडान पनि स्थगन गरिएको छ । पछिल्लोपटक असार १६ सम्म उडान स्थगन गरिएको छ ।

# कमिसन बढाउन ग्यास विक्रेता महासंघको माग



**काठमाडौं/मस**-ग्यास बिक्रेता महासंघले ग्यासमा कमिसन बढाउन माग गरेको छ । आईतबार महासंघको प्रतिनिधिमण्डलले नेपाल आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेललाई भेटेर व्यापारमा कमी आएको भन्दै कमिसन बढाउन माग गरेका हुन् । पछिल्लो समय फैलिएको कोरोना महामारीले निम्त्याएको लकडाउनले व्यापारमा कमी आएको महासंघको भनाई छ । महासंघका अध्यक्ष महेश्वर श्रेष्ठले कोरोनाको समस्या रहुन्जेल ग्यास बिक्रीमा पाँच प्रतिशत कमिसन दिनुपर्ने बताए। उनले ग्यास व्यापारीले आफ्नो स्वास्थ्यको पनि प्रवाह नगरी काम गरिरहेकाले कमिसन बढाउन माग गरिएको बताए । त्यस्तै, महासंघले ग्यास बिक्रेताको कोरोना बिमा गर्नुपर्ने मागसमेत निगमसमक्ष राखेको छ। कोरोना संक्रमणका बेलासमेत बिक्रेताले ग्याँस आपूर्ति सहज बनाएकाले उनीहरुको बिमा गरिनुपर्ने महासंघको माग छ। महासंघका अध्यक्ष श्रेष्ठले ग्यास उद्योगहरुले प्रत्येक डिपोवाला र कामदारको कोरोना परीक्षण गरी बिमासमेत गरिदिनुपर्ने निगमसमक्ष माग गरेको जानकारी दिए। कठिन परिस्थितिमा काम गरिरहेका बिक्रेता र मजदुरलाई राज्यले हेर्नुपर्ने भएकाले निगमसमक्ष सो माग राखेको उनले बताए ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**